मिति: २०८२।०६।२८ गते
समय: बिहान ८०:०० बजे

बैठक सङ्ख्या : ०५

नगर कार्यपालिकाका नगरप्रमुख श्री भुपेन्द्रकुमार लावती ज्यूको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री बिष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री डम्बरबहादुर राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगबीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| २० | श्री विष्णुप्रसाद सुबेदी | प्रमुख प्रशासकीय अधिकृत | |

श्री. कृष्णराज राई अधिकृतस्तर दशौं

श्री भानुभक्त राई इन्जिनियर

श्री. चेतनाथ गौतम अधिकृतस्तर आठौं

श्री. परहाद खड्का स्वकीय सचिव

श्री. रबि सुवेदी सहायकस्तर पाँचौ

श्री. तारा भट्टराई का.स.

मितिः२०८२।०६।२८

कार्यपालिका निर्णयहरू:

| क्र.स. | प्रस्तावहरू | निर्णयहरू |
|---|---|---|
| १. | अगिल्लो कार्यपाललिकाको बैठकको समिक्षा | अगिल्लो कार्यपालिकाको निर्णय कार्यान्वयन भएको पाइयो। |
| २ | अर्थ मन्त्रालयको परिपत्र सम्बन्धमा। | अर्थ मन्त्रालयको मितिः२०८२।०६।०७ गतेको परिपत्र अनुसार बुदा नं ८ मा उल्लेख भएको विगतमा दायित्व सिर्जना भई भुक्तानी दिन पर्याप्त रकम विनियोजन नभएको कारण बजेट अपुग भएको भए रोक्का गरिएको रकमबाट रकमान्तर श्रोतान्तर तथा कार्यक्रम संसोधन गरी खर्च व्यवस्थापन गर्ने। भनीएकोमा यस नगरपालिकामा निर्माण सम्मपन्न भई भुक्तानीको दायित्व बाँकी रहेको संघिय सरकारको योजना राजारानी पोखरी सौन्दर्यकरणको रकम भुक्तानीका लागि पत्राचार गर्ने। |
| ३ | विपद् व्यवस्थापन सम्बन्धमा। | १.अविरल बर्षाका कारण चिसाङ खोलामा बाढी आई विपद्जन्य अवस्थामा ८० थान तारजाली खरिद गरी विपद् रोकथामा प्रयोग भएकोमा उक्त कार्यको भुक्तानी प्रदान गर्ने।<br>२.लेटाङ नगरपालिका वडा नं ३ कृतिमान झोलुङ्गे पुल उत्तर पट्टी नयाँ बस्ति संरक्षणका तटबन्धन कार्य तत्काल गर्न आवश्यक भएकाले सम्झौता अनुरूप रू३४६९९९/- बजेट श्रोत सुनिश्चित गर्ने।(श्रोतः तटबन्धन निर्माण)<br>३.लेटाङ नगरपालिका वडा नं ८ जाँते ज्यामिरे सडक खण्ड पहिरो गई बाटो बगाएको हुँदा बैकल्पिक बाटो निर्माणका लागि रू२५००००/- बजेट बिनियोजन गर्ने।(श्रोतः सडक मर्मत संभार कोष)<br>४.लेटाङ नगरपालिका वडा नं १ मा बिभिन्न समयमा आएको पानी झरीका कारण पहिरो झरेर सडक अवरूद्ध भएकोमा तत्काल काम गरेकोमा प्राबिधिक स्टमेट मुल्याङ्कन तथा सर्जमिन मुचुल्का अनुसार वडा कार्यालयको मितिः२०८२।०५।२९ गतेको च.नं.८४ भएको पत्रानुसार देखाएको रकम रू९६८४७/-भुक्तानी प्रदान गर्ने।(श्रोतः विपद् व्यवस्थापन कोष)<br>५.लेटाङ नगरपालिका वडा नं १ मा बिभिन्न समयमा आएको पानी झरीको कारण विभिन्न सडक तथा पैनीहरूमा विपद् रोकथाम कार्य तत्काल गर्नका लागि प्राविधिक स्टमेट, मुल्याङ्कन तथा वडा सर्जमिन साथ मितिः२०८२।०६।२७ गतेको सिफारिस साथ प्राप्त भएको रू ९५९९९/- भुक्तानी प्रदान गर्ने।(श्रोतः विपद् व्यवस्थापन कोष)<br>६.लेटाङ नगरपालिका वडा नं ७ को बिभिन्न स्थानमा मितिः२०८२।०६।१९ गते र २० गते आएको अबिरल बर्षादको कारण मोटरबाटोहरूमा पुर्याएको क्षती पुनर्निर्माण गरि यातायात संचालन गर्दाको एकमुष्ठ रकम प्राबिधि स्टमेट बमोजिम रू९८४७०/- भुक्तानी प्रदान गर्ने।(श्रोतः विपद् व्यवस्थापन कोष)<br>७.लेटाङ नगरपालिका वडा नं ६ लक्ष्मीथानमा तटबन्धन गर्न आवश्यक भएकाले उक्त स्थानमा तटबन्धनका लागि प्राविधिक स्टमेट बमोजिम रू४२५४३/- बजेट बिनियोजन गर्ने।(श्रोतः तटबन्धन निर्माण) |

| | | |
|---|---|---|
| | | ८.लेटाङ नगरपालिका वडा नं ६ को लामिटारमा तटबन्धन गर्न आवश्यक भएकाले उक्त स्थानमा तटबन्धनका लागि प्राविधिक स्टमेट बमोजिम वजेट विनियोजन गर्ने। (श्रोतः तटबन्धन निर्माण)<br>९. लेटाङ नगरपालिका वडा नं १ को लोखरा राजारानी खानेपानी पाइप बाढी पहिरोले क्षति गरेको हुँदा मर्मतका लागि प्राविधिक स्टमेट बमोजिम रू ४५०००/- बजेट बिनियोजन गर्ने। ( श्रोतः विपद् व्यवस्थापन कोष)<br>१०.लेटाङ नगरपालिका वडा नं ६ पार्टिखेत क्षेत्रमा चिसाङ खोलाको नदिजन्य पदार्थ ओभर डिपोजिट भएको कारण बाढीको जोखिम भएकाले तत्काल चेनलाईज गर्नुपर्ने भएको कार्यको रकम रू ५९४६३ भुक्तानीको लागि सिफारिस गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) |
| ४ | विपद् राहत सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ३ बाट हात्तीले धान खाएको भनी राहात माग भई आएको हुँदा देहायको व्यक्तिहरूलाई देहायको राहत रकम प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>देहायः<br>श्री दिलबहादुर लिम्बु – रू५०००/-<br>श्री सुनिता लामा - रू२५००/-<br>श्री युनिष लिम्बु - रू२५००/- |
| ५ | आय ठेक्का सम्बन्धमा। | लेटाङ नगरपालिकाको आ.व.२०८२।८३ का लागि तय गरिएको आय ठेक्का पहिलो पटक मितः२०८२।०३।०६ गते दोश्रो पटक मितिः२०८२।०४।०८ गते तेश्रो पटक मितिः२०८२।०५।१६ गते र चौथो पटक मितिः२०८२।०६।०३ गते गरी ४ पटक आव्हान गर्दा समेत कुनै पनि बोलपत्र पेश नभएको अस्था भाद्र २३ र २४ गते पछि देशमा सृजित अन्यौल परिस्थिती र हालसम्म संकलित राजश्वलाई मुल्याङ्कन गरी मितिः२०८२।०६।२७ गते बसेको राजश्व परामर्श समितिको बैकको सिफारिस समेतका आधारमा न्यूनतम अङ्क रू ५००००००/- अक्षरुपी पचास लाख मात्र (मुल्य (अभिवृद्धि कर सहित) कायम गरी १५ दिने सूचना इ- विडिङ्ग मार्फत वोलपत्र आव्हान गर्ने। |
| ६ | बैकल्पिक उर्जाको माग संकलन सम्बन्धमा। | लेटाङ नगरपालिकामा बैकल्पिक उर्जा कार्यक्रम संचालन गर्नका लागि सम्भावित लाभग्राहिहरूको माग संकलनका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने। |
| ७ | पशु औषधि सम्बन्धमा। | लेटाङ नगरपालिका पशु सेवा अस्पतालबाट पशु औषधी खरिदका लागि रू २२,००,०००/- लागत अनुमान तयरा भई आएकोमा अपुग रकम विपद् व्यवस्थापन कोषबाट बेहोर्ने गरी श्रोत सुनिश्चित गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) |
| ८ | खर्च मापदण्ड सम्बन्धमा। | लेटाङ नगरपालिका आर्थिक बर्षः२०८२।८३ को नीति अनुरूप त्रैमासिक रूपमा २५ % प्रशासनीक खर्च गर्ने भनी गरेको नीतिको कार्यान्वयन गर्ने। |
| ९ | मौलो पुजाको निर्णय अनुमोदन | लेटाङ नगरपालिका मार्फत मौलो पुजाको लागि देहाय निकायमा नगर प्रमुखको तोक आदेश बमोजिम रकम भुक्तानी गरेकोमा भुक्तानीको अनुमोदन गर्ने।<br>देहायः<br>श्री इलाका प्रहरी कार्यालय, लेटाङ- रू ३००००/- |

| | | |
|---|---|---|
| | | श्री शसस्त्र प्रहरी बल, पथरी रू २००००/-<br>श्री नगर प्रहरी युनीट, लेटाङ नगरपालिका रू ५४६८०/-(पेश्की फर्छ्यौट गरी भुक्तानी प्रदान गर्ने। |
| १० | मेला रोकको निर्णयको अनुमोदन | लेटाङ नगरपालिकामा संचालन भएको मेला/महोत्सव जिल्ला प्रशासन कार्यालय बाट म्याद थप भई आएको हुँदा उक्त निर्णय तत्काल कार्यान्वय नगर्न लेटाङ नगरपालिकाबाट मितिः२०८२।०६।२५ गते गरिएको पत्राचारको अनुमोदन गर्ने। |
| ११ | इलाका प्रहरी कार्यालय सवारी साधन मर्मत | लेटाङ नगरपालिकामा अवस्थित श्री इलाका प्रहरी कार्यालय लेटाङ बाट सवारी साधन मर्मत गरी भुक्तानी माग भई आएकाले निजको रू४५०००/- बराबरको मर्मत रकम भुक्तानी दिने। (श्रोतः सवारी साधन मर्मत संभार खर्च) |
| १२ | ट्रिपर सम्बन्धमा। | नदिजन्य पदार्थ चोरी निकासीमा पक्राउ परेको सवारी साधन टिपर (हाइवा) लाई प्रदेश कानुन बमोजिम जरिवाना गर्ने। |
| १३ | विज्ञ तोक्ने सम्बन्धमा। | श्री शान्ती भगवती मा.वि. लेटाङ नगरपालिका प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि-२०८० अनुसारको नगरपालिका स्तरीय प्रधानाध्यापक सिफारिस समितिमा सुचीकृत विज्ञ अशोककुमार कालाखेती लाई तोक्ने। |
| १४ | मेला/महोत्सव सम्बन्धमा। | लेटाङ नगरकार्यपालिकाको कार्यालयको सिफारिस बमोजिम मेला महोत्सव म्याद थप भएको भनी च.नं.२१७४ मितिः२०८२।०६।२३ गतेको पत्र प्राप्त भई अवगत भयो। उक्त पत्रमा उल्लेखित मितिः२०८२।०६।२२ गतेको च.नं.३०४ भएको नगरकार्यपालिकाको सिफारिस भनिएकोमा उक्त समयमा नगर कार्यपालिकाको बैठक नबसेको तथा उक्त च.नं. समेत लेटाङ नगरपालिकाको नभएकोले उक्त विषयमा थप बुझ्दा वडा कार्यालयबाट सिफारिस गएको बुझ्नमा आएकाले उक्त सम्बन्धमा के भएको हो ? वडा कार्यालयले पत्र पठाएको हो होइन ? पत्र पठाएको भए पत्रको o/c सहित उक्त सन्दर्भमा के भएको हो ७ दिन भित्र पछि सम्म फरक नपर्ने गरी लिखित रूपमा वडा नं ६ को कार्यालयलाई स्प्रस्टिकरण सोध्ने। |
| १५ | नदिजन्य पदार्थ सम्बन्धमा। | नदिजन्य पदार्थ नियमानुसार व्यवस्थापनका लागि छलफल, अध्ययन, रेखदेख ,अनुगमन तथा नियमन गर्न आवश्ययक देखिएकाले देहायको समिति गठन गर्ने। साथै उक्त समितिले खोला ठेक्का प्रक्रिया टुङ्गो नलागे सम्म कोशी प्रदेश आर्थिक ऐन २०८२ ले तोके बमोजिमको दररेटमा राजश्व संकलन गर्न जनशक्ती व्यवस्थापन गर्ने। उक्त राजश्वको १०% रकम संकलनकर्तालाई पारिश्रमिक स्वरूप उपलब्ध गराउने।<br>__मोरङ्गी र तेली खोलाको लागिः__<br>नन्दप्रसाद खतिवडा - संयोजक<br>भुमबहादुर सुर्य मगर - सदस्य<br>भिमप्रसाद पोखेल – सदस्य<br>जङ्गबिर तामाङ – सदस्य<br>__चिसाङ खोलाको लागिः__<br>विष्णुकुमार मगर – संयोजक<br>तेजप्रसाद तिम्सिना – सदस्य<br>डम्बरबहादुर राई – सदस्य |

<table>
<tr><td></td><td></td><td>आवश्यकता अनुसार अन्य वडाको वडा अध्यक्षलाई समेत समितिमा आमन्त्रण गर्न सकिनेछ।</td></tr>
<tr><td>१६</td><td>IEE सम्बन्धमा।</td><td>चिसाङ, तेली र मोरङ्गी खोलाको नदिजन्य पदार्थको IEE अवधि सकिएको स्थानमा पुन IEE गर्ने र IEE अवधी नसकिएको स्थानमा IEE अध्यावधिक गर्ने।</td></tr>
<tr><td>१७</td><td>जग्गा पुन नापजाँच सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा २ ङ खण्डमा साविक जिल्ला मोरङ लेटाङ गा.वि.स. वडा नं/सिट नं. २ङ सिटको नापी नक्सा नापी बिभागबाट बि.स.२०२५ र सुकुम्बासी समस्या समाधान आयोग मोरङले बि.स.२०५५ सालमा नाप नक्सा भएको क्षेत्रको नक्सामा भुगोल अनुसार नक्सा कित्ताहरू तलमाथी तथा दोहोरो देखिएको हुँदा उक्त क्षेत्रको नक्सा तथा जग्गाको कारोवार रोक्का रहेको अवस्थाले हाल प्रचलनमा रहेको दुई वटै नक्सा रद्द गरी पुन नयाँ नापनक्साका लागि सम्बन्धीत मन्त्रालयमा अनुरोध गर्ने। साथै उक्त नाप नक्साको सम्पूर्ण खर्च लेटाङ नगरपालिका मार्फत बेहोर्ने। उक्त कार्यका लागि लेटाङ नगरपालिका वडा नं ४ को वडा अध्यक्षलाई फोकल पर्सन तोक्ने साथै निजले आवश्यकता अनुसार सम्बन्धीत वडाको वडा अध्यक्षसँग समन्वय र सहाकार्य गर्ने।</td></tr>
<tr><td>१८</td><td>विमा सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको भवन तथा मौज्दात जिन्सी सामाग्रीहरूको विमाको लागि प्रारम्भिक रिपोर्ट तयार गर्ने।</td></tr>
<tr><td>१९</td><td>बारजी मेला सम्वन्धमा।</td><td>लेटाङ नगरपालिकाको १८ औ नगरसभाको निर्णय बमोजिम बाराजी मेलामा सार्वजनिक विदा दिने भनी निर्णय गरिएकोमा बाराजी मेला कात्तिक - १९ गते सार्वजनिक विदा दिने।</td></tr>
<tr><td>२०</td><td>सडक मर्मत संभार सम्बन्धमा।</td><td>१.लेटाङ नगरपालिका वडा नं १ र वडा नं ७ को मुल सडक मर्मत संभारको लागि देहायको बजेट बिनियोजन गर्ने। (श्रोतः मर्मत संभार कोष)
<table>
<tr><th>क्र.सं.</th><th>सडको नाम</th><th>वडा नं</th><th>बिनियोजन बजेट</th></tr>
<tr><td>१</td><td>राजारानी अधेरी साग्मा आरूबोटे सडक, लाख हर्दिया सडक र थामफेदी सडक</td><td>१</td><td>५०००००/-</td></tr>
<tr><td>२</td><td>भुवाखोला सिमाना बाराजी मन्दिर हुँदै फिकौली चोक सम्म</td><td>७</td><td>५०००००/-</td></tr>
</table>
२. लेटाङ नगरपालिका वडा नं ७ को कमौटी भालुखोप सुब्बा टोल पंचमी टुक्रे बजार सिमाना टोलमा सोलिङ तथा पुर्ने कामका लागि प्राविधिक स्टमेट बमोजिम रू२२५६२५/- बजेट बिनियोजन गर्ने। (श्रोतः मर्मत संभार कोष)</td></tr>
<tr><td>२१</td><td>बजेट बिनियोजन सम्बन्धमा।</td><td>१.लेटाङ नगरपालिका सामुदायिक विद्यालयहरूको साझा आयोजनामा हुन लागेको मा.वि. स्तरिय खेलकुद प्रतियोगिता संचालनका लागि रू१००,०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः कार्यक्रम खर्च शिर्षक)<br>२.लेटाङ नगरपालिकामा काठमाडौ युनिभर्सिटि स्कुल अफ म्यानेजमेन्ट बि बि एस ४ औ सेमेस्टर अन्तर्गत अध्ययनरत ५ जना बिध्यार्थिको PROJECT ASTHA अन्तर्गत विश्रान्ति मन्दिर मुलघाटमा रहेका विद्यार्थी तथा जेष्ठ नागरिक हरूलाई २ दिन खाना खर्च र विविध बापत भएको खर्च रू२७३६०/- को भुक्तानीका लागि सिफारिस गर्ने। (श्रोतः विविध खर्च शिर्षक)</td></tr>
</table>

| | | |
|---|---|---|
| | | ३.लेटाङ नगरपालिका विश्वकर्मा पुजाको खर्च रू२२०००/- भुक्तानीका लागि सिफारिसं प्रदान गर्ने। (श्रोतः विभिन्न भाषा, कला, साहित्य, संस्कृति तथा पर्व मेला उत्सव, महोत्सव संरक्षण तथा प्रवर्धन विविध कार्यक्रम खर्च)<br>४.लेटाङ नगरपालिका वडा नं ६ कोल्डस्टोर नजिक फोहोर अधिक मात्रामा थुप्रिएको र उक्त फोहोर खाल्डो खनी पुर्नका लागि अति आवश्यक भएकाले उक्त कार्यका लागि रू१६०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः ल्यान्ड फिल्ड साइड व्यवस्थापन)<br>५.लेटाङ नगरपालिका आर्मी क्याम्प भित्र रहेको काली मन्दिर निमार्णका लागि एम एस पाइप खरिद गरि वितरण गर्न रू ५६०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः भैपरी आउने पुँजिगत खर्च)<br>६.लेटाङ नगरपालिका विपद् व्यवस्थापन कार्यका लागि विभिन्न पैनि मर्मत तथा निर्माण कार्य भएको हुँदा उक्त मर्मत कार्यको अवस्थामा गरिएको सर्जमिन मुचुल्का तथा प्राविधिक स्टमेट र मुल्याङ्कनको आधारमा हुन आउने कुल रकम रू३२७९५४।८३ लेटाङ नगरपालिका वडा नं ९ को विभिन्न पैनी निर्माण उपभोक्ता समितिलाई भुक्तानी प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) |